फोननं:- ०६८४२११००,०६८४२११०१
वेब साइट:- jaiminimun.gov.np
इमेल:- jaiminimun@gmail.com

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, कुस्मीसेरा
## बागलुङ

प.स.: ०७४/०७५
च.न.: २६

४ नं.प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति २०७६।०४।१०

**विषय :- वोलपत्र आह्वान सम्बन्धी सूचना ।**

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ को (घ) (६) बमोजिम आ.व.२०७६ साउन १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मका लागि कर संकलन तथा ढुंगा, गिट्टी, बालुवा, रोडा विक्रि गर्ने कार्य ठेक्काबाट गराउनुपर्ने भएकोले यस कार्यालयबाट सो प्रयोजनको लागि सूचिकृत गरिएका फर्महरुबाट तपसिलमा उल्लेखित विषय र शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र गोप्य शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

| क्र.सं. | विषय | कार्यालयले तोकेको न्यूनतम अंक रु. | ठेग लागेको अवधि |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, वालुवा रोडा तर्फ जैमिनी नगरपालिका वडा नं. ५ थाङ्नेवगर क्षेत्र विनामारे) | ५,००,०००। | २०७७ साल आषाढ मसान्तसम्म |
| २ | जैमिनी नपा वडा नं. ५ माझबागर क्षेत्र विनामारे | ६,००,०००। | " |
| ३ | बाजाखेत(कुवाखोला) जै.न.पा. ५ विनामारे | २,००,०००। | " |
| ४ | सुम्सा घाट जै.न.पा. ६, अर्जेवा | ३,००,०००। | " |
| ५ | वेलबगार जै.न.पा. ८, छिस्ती | २,००,०००। | " |

*शर्तहरु*

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र वोलपत्र फाराम रु १०००। भुक्तानी गरी जैमिनी नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ । सूचना प्रकाशित भएको मितिले ३० औं दिनमा विदा परेमा सोको भोलिपल्ट कार्यालय समयसम्म वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म बोलपत्र खाखिला गर्न सकिनेछ । सोही दिन दिनको २.०० बजे कार्यालय प्रतिनिधि र वोलपत्र दाताको रोहवरमा कार्यालयमा नै बोलपत्र खोलिनेछ । उक्त दिन विदा परेमा त्यसको भोलिपल्ट बोलपत्र खोलिनेछ । वोलपत्र दाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।



...प्रसाद शर्मा
...कीय अधिकृत

फोननं:- ०६८४२११००,०६८४२११०१
वेब साइट:- jaiminimun.gov.np
इमेल:- jaiminimun@gmail.com


प.स.: ०७४/०७५
च.न.:

३. आफूले कवोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको ग्लोवल वैक लिमिटेड कुस्मीसेरामा रहेको खाता नं. ४५०१०१००००१२० मा जम्मा गरी सोको सक्कलै भौचर सहित पेश गर्नुपर्नेछ ।

४. कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिईनेछैन । वोलपत्र साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र यस कार्यालयबाट प्रदान गरिउको सूचिकृत प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

५. जुन व्यक्ति वा फर्मको नामबाट वोलपत्र खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मबाट दर्ता गराईएको वोलपत्र मान्यता दिईनेछैन ।

६. प्रत्येक वोलपत्रको छुट्टा छुट्टै खाममा आफुले गर्न चाहेको कामको विषय वा शिर्षक लेखि वोलपत्र सिलवन्दी गरी पेश गर्नुपर्ने छ ।

७. वोलपत्र सकारे वापत नियमानुसार आफुले बुझाउनुपर्ने सम्पूर्ण रकम ठेकेदार स्वयंले बुझाउनुपर्नेछ । सम्झौताको लागि स्वीकृत वोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम ३ तीन किस्ता गरी बुझाउन सक्नेछ । यसरी बुझाउने किस्ताहरु मध्ये प्रथम किस्ता वापत ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा बुझाउनुपर्नेछ । बाकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त वैकबाट यस कार्यालयका नाममा २०७६ साल भाद्र मसान्त सम्मका लागि जारी भएको अग्रिम भुक्तानी वैक ग्यारेन्टी वा नगद जमानत पेश गर्नुपर्नेछ ।

८. आफुले कबोल गरेको ठेक अंकको रकम एकमुष्ट अग्रिम बुझाउने वोलपत्र दातालाईकेवाल अंकको वढीमा १० प्रतिशत सम्म छुट दिई सम्झौता गर्न सकिनेछ । तर धरौटीको रकमलाई सो रकममा समावेश गरिनेछैन ।

९ नदी खोला किनारबाट ढुंगा, गिट्टी बालुवा रोडा उत्खनन गर्दा पुल सडक वाध आदी भौतिक निर्माणका वस्तुहरुलाई वाधा नपर्ने गरी गर्नुपर्नेछ। निशेधित क्षेत्र र व्यक्तिको नाममा दर्ता भएको जग्गाबाट ढुंगा, गिट्टी बालुवा रोडा उत्खनन गर्न पाईनेछैन ।

१० ठेकेदारले सम्झौता पत्रमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नुपर्नेछ । प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी वाकी सरह असुल उपर गरिनेछ ।

११. प्रचलित नियम विपरित कर असुल गर्न वा एउटा स्थानीय निकायले लिएको करको प्रमाण हुंदा हुंदै दोहोरा हुने गरी कर असुल गर्न पाईनेछैन ।

१२ स्थानीय तहलाई तिर्नुपर्ने रकम र जिन्सी सामानहरु वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुका एक संगोलमा रहेको परिवारको व्यक्तिहरुको नाममा समेत वोलपत्र स्वीकृत हुनेछैन ।

१३ नगरपालिकाले आफैले अमानतबाट संचालन गरेको योजनाहरुको लागि चाहिने ढुंगा, गिट्टी, बालुवा रोडामा कर लिन पाईने छैन ।



...री प्रसाद शर्मा
...कीय अधिकृत

फोननं:- ०६८४२११००,०६८४२११०१
वेब साइट:- jaiminimun.gov.np
इमेल:- jaiminimun@gmail.com


प.स.: ०७४/०७५
च.न.:

४ नं.प्रदेश, नेपाल

१४ वोलपत्र स्वीकृत गर्ने आंशिक स्वीकृत गर्ने र नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

१५ नगरपालिकाले तोकेको संकलन केन्द्रमा कर दस्तुर उठाउने वस्तुहरुको स्पष्ट सूचि राख्नुपर्नेछ ।

१६ ठेक्का अवधि समाप्त भएपछि कर क्लियरेन्स गरेको प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

१७ स्वीकृत वोलपत्रमा कुवुल गरेको ठेक अंकको १.५ प्रतिशत अग्रिम आयकर वैक जम्मा गर्नुपर्नेछ । ढुंगा, गिट्टी, वालुवा, रोडा विक्रिमा कवोल रकमको १३ प्रतिशत भ्याट समेत थप गरि दाखिलदा गर्नुपर्नेछ ।

१८ वन्द हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यमा मिनाहा माग गर्न पाईनेछैन ।

१९ नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ ।

२० ठेक्का सम्बन्धी कुनै विवाद भएमा आपसी सहमतिबाट टुंगो लगाईनेछ । यदी सहमति हुन नसके नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२१ ठेकेदारले वोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागि कार्यालयमा सम्पर्क गरी सक्नुपर्नेछ । तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का व्यवस्थापन प्रक्रिया अगाडि बढाईनेछ ।

२२ वोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ । करको दररेट वोलपत्र फाराममा उल्लेख हुनेछ ।

२३ नगरपालिकाबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षणमा औल्याईएका सुझावहरुलाई पालना गर्नुपर्नेछ ।

२४ बोलपत्र खरिद गर्नु पुर्व न.पा.को नियमअनुसार शुल्क भुक्तानी गरी सूचिकृत हुनु पर्ने छ ।

२५ प्रदेश सरकारबाट जारी गरिएको कर्यविधिको कुनै वुदा सँग कुनै कुरा बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२६ अन्य थप कुराको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत